सवारी 'लाइसेन्स' को लिखित फेल भए तीन महिना कुर्नुपर्ने प्रावधानले समस्या

पहिलो पटक दुई र चारपांग्रे सवारीसाधनको लाइसेन्स लिने सेवाग्राही मारमा

कान्तिपुर संवाददाता (काठमाडौं)

भक्तपुर बालकोटका सज्जन आचार्यले १० मसिरमा चारपांग्रे सवारीसाधनको सवारी चालक अनुमतिपत्र (लाइसेन्स) लिन आवेदन दिए । उनलाई लिखित परीक्षा दिने मिति र समय कार्यालयले प्रवेशपत्र लिने वेला मात्र जानकारी गराएको थियो । अञ्चयकका लागि फिनल्याण्ड जाने नयाँरामा रहेका आचार्य चारपांग्रे सवारी साधनको लाइसेन्स लिन चाह्न्थे । तर लिखित परीक्षामा फेल भएपछि अब तीन महिनासम्म पुनः प्रक्रिया सुरु गर्न पाउनेछैन्न ।

यो प्रावधान सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १९ मा उल्लेख छ । 'विदेश जाने तयारीका लागि लाइसेन्स लिनैपर्ने थियो । फेल भएँ, तर लिखित परीक्षा दिने समय लामो नजोकिएको भए पढेर पास हुन्थे । अब तीन महिना कुर्नुपर्ने भयो,' उनले भने । विदेशमा गएर लाइसेन्सको प्रक्रिया थाल्दा समय लाग्ने र बाँचिलो हुने उनको भनाइ छ ।

आचार्य मात्र होइन, लिखित फेल हुने प्रायले यस्तो समस्या भोगिरहेका छन् । पहिलो पटक दुई र चारपांग्रे सवारीसाधनको लाइसेन्स लिने सेवाग्राहीले यसरी नै समस्या झेल्दै आएका छन् । विशेषगरी चारपांग्रे सवारीसाधनको लाइसेन्स लिएर विदेश जानेहरूका लागि लिखित परीक्षालै थप कठिनाइ सिर्जना गरेको छ । हाल देशभर दिनहुँ करिब ५ हजारले नया लाइसेन्सका लागि आवेदन दिने गरेका छन् । तर लिखित फेल हुनेहरूले तीनमहिने प्रावधान व्यावहारिक नभएको गुनासो गर्दै आएका छन् ।

ऐनमै सुधार आवश्यक रहेको यातायात व्यवस्था कार्यालय, भक्तपुरका प्रमुख डन्डबहादुर बस्नेत बताउँछन् । 'सिस्टम विभागमातहत छ, सिस्टम परिवर्तन गर्न पनि जरुरी छ । यी कुरा विभाग र मन्त्रालयमा छलफलका क्रममा उठाउँदै आएका छौं,' उनले भने, 'लिखितमा औसत ७० प्रतिशत पास हुन्छन् । नयाँ लाइसेन्सका लागि लिखित परीक्षा

लिखित फेल भएको व्यक्तिले एक साताभित्र पढेर पास गर्छु भन्ने भनी उसलाई परीक्षा दिन पाउने व्यवस्था गर्नुपर्छ

● डन्डबहादुर बस्नेत
प्रमुख, यातायात व्यवस्था कार्यालय, भक्तपुर

फेल भएका व्यक्तिहरूले पुनः तीन महिना कुर्नुपर्ने बाध्यता छ ।'

लिखित फेल भएको व्यक्तिले एक साताभित्र पढेर पास गर्छु भन्छ भने उसलाई परीक्षा दिन पाउने व्यवस्था गर्नुपर्छ,' बस्नेतले भने, 'यसका लागि यातायात व्यवस्था विभागबाट ऐन संशोधन जरुरी छ ।' तीन महिनाको अवधि राख्दा सबैभन्दा बढी असर विदेश अध्ययन र रोजगारका लागि जानेमा परेको उनको भनाइ छ । मोटरसाइकल वा स्कुटरको लाइसेन्स भएका व्यक्तिले चारपांग्रे सवारीको लाइसेन्सका लागि लिखित परीक्षा दिनुपर्दैन, सिधै प्रयोगात्मक (ट्रायल) परीक्षा दिन सक्छन् । विदेश जानेहरूले प्रायः गाडीको लाइसेन्स चाहन्छन्, त्यसैले लिखित परीक्षामा बढी गुनासो यही वर्गबाट आएको बस्नेतले बताए ।

प्रयोगात्मक परीक्षा तीन पटक दिएर पनि पास नभए फेरि सुरुबाटै प्रक्रिया थाल्नुपर्छ । पहिलो पटक ट्रायलमा फेल भए १८ महिनासम्म दुई पटक ट्रायल दिन पाइन्छ । तीनै पटक फेल भए फेरि फारम भरेर लिखित पास गर्रा ट्रायल दिनुपर्छ । मोटरसाइकल र स्कुटरको लाइसेन्स भए चारपांग्रेका लागि लिखित परीक्षा दिनुपर्दैन र सिधै ट्रायल दिन सकिन्छ ।

पहिले धेरै कार्यालय हंदा वनाइएको ऐन अहिले व्यावहारिक नदेखिएको बस्नेतको भनाइ छ । 'त्यो वेला यो ऐन ठिक थियो होला । अहिले वागमती प्रदेशमा धेरै कार्यालय खुलेका छन् । नयाँ कार्यालय खुले पनि सेवाग्राही कम छन् । पहिले सेवाग्राही धेरै भएर तीन महिना समय राखिएको हो, अहिले कम भएकाले लिखित परीक्षा फेल भए एक साताभित्र दिने व्यवस्था गर्न जरुरी छ,' बस्नेतले भने ।

हाल यातायात कार्यालय प्रदेश मातहत भए पनि लाइसेन्ससम्बन्धी ऐन र कानुन संघअन्तर्गतकै छन् । यसले गर्दा समस्या भएको सम्बन्धित प्रदेशका यातायात मन्त्रालयको भनाइ छ । लिखित परीक्षा फेल भएपछि पुनः दिनका लागि समय लामो तोकिएकामा धेरै गुनासो आउने गरेको वागमती प्रदेशअन्तर्गत श्रम, रोजगार तथा यातायात मन्त्रालयका सूचना अधिकारी विमलप्रसाद भट्टराईले पनि जनाए ।

'सबै प्रदेशमा लाइसेन्स लिने काम यातायात व्यवस्था विभागको ऐनअनुसार नै हुन्छ । आवेदन दिने सिस्टम विभागसंग छ, फेल भएपछि ९० दिन नपुग्दा फर्म भर्न मिल्दैन । त्यसैले ऐन संशोधन गरेर सफ्टवेयरमा परिवर्तन आवश्यक छ,' उनले भने । लाइसेन्ससम्बन्धी काम ऐनअनुसार भइरहेको यातायात व्यवस्था विभागका सूचना अधिकारी गणेश राई बताउँछन् । ऐनमा समस्या छ, व्यावहारिक नभएको गुनासो धेरै आउँछ,' उनले भने, 'यसमा कर्मचारीले परिवर्तन गर्न सक्दैनन् । सरकारले संसद्मा लगेर ऐन संशोधन गर्नुपर्छ ।'

६ अंकले बढ्यो नेप्से, ४ अर्बको सेयर किनबेच

कारोबारमा आएका मध्ये १४३ कम्पनीको सेयर मूल्य बढ्यो, १०४ कम्पनीको घट्यो र ११ कम्पनीको स्थिर

कान्तिपुर संवाददाता (काठमाडौं)

सेयर कारोबार मापक नेप्से परिसूचक बुधवार ५.७० अंकले बढेको छ । मंगलवारको तुलनामा ०.२१ प्रतिशतले बढेर पछिल्लो समग्र नेप्से २ हजार ६ सय २५.७० बिन्दुमा उक्लेको छ । योसँगै नेप्से पछिल्लो तीन दिनदेखि लगातार बढेको हो । गत आइतबार नेप्से घटे पनि सोमवार ६.७४ र मंगलबार १८.३७ अंकले नेप्से बढेको थियो । बुधवार पनि सेयर बजारले सोमवार र मंगलवारकै प्रवृत्ति पछ्याएको हो ।

बुधवार कारोबारमा आएकामध्ये १४३ कम्पनीको सेयर मूल्य बढ्यो, १०४ कम्पनीको मूल्य घट्यो भने ११ कम्पनीको मूल्य स्थिर रह्यो । यस दिन सेयर मूल्य बढ्नेभन्दा घट्ने कम्पनीको संख्या थोरै भएकाले समग्र नेप्से बढेको हो । स्वस्तिक लघुवित्त वित्तीय संस्थाको सेयर मूल्य सबैभन्दा धेरै १० प्रतिशतले बढेपछि मूल्य नियन्त्रणका लागि सर्किट ब्रेकर लगाउनुपरेको थियो । यससँगै एसवाई प्यानल, नारायणी डेलभमेन्ट बैकलगायत १४३ वटा कम्पनीको सेयर मूल्य बढेको छ ।

तर वागहीं हाइड्रोपावर कम्पनीको सेयर मूल्य सबैभन्दा धेरै १० प्रतिशतले घटेपछि कारोबार नियन्त्रणका लागि सर्किट ब्रेकर लागेको थियो । यससँगै अपर स्याङ्गे, इस्टर्न हाइड्रोपावरलगायत १०४ कम्पनीको सेयर मूल्य घटेको छ । सो दिन कुल ५८ हजार ९६ पटकको सेयर कारोबारमा ८५ लाख ९८ हजार ४ सय २४ किता सेयर किनबेच भए । ती किनबेचमा ४ अर्ब ५ करोड ३७ लाख रुपैयां बराबरको कारोबार भएको छ । अघिल्लो दिनको तुलनामा कारोबार रकम पनि बढेको हो । मंगलबार सेयर बजारमा ३ अर्ब २९ करोड ४० लाख रुपैयां बराबरको सेयर कारोबार भएको थियो ।

बुधवार कारोबारमा आएका १३ उपसमूहमध्ये होटल तथा पर्यटन, निर्जीवन विमा र व्यापारको परिसूचक घटे । यसअनुसार होटल तथा पर्यटन उपसमूहको परिसूचक ०.३७, निर्जीवन विमाको ०.३६ र व्यापारको ०.२७ प्रतिशतले घटे । तर, बैंकिङ उपसमूहको सेयर मूल्य ०.२५, विकास बैंकको ०.७५, फाइनान्स कम्पनीको १.७५, लगानीको ०.०८, जीवन विमा ०.६६, उत्पादन तथा प्रशोधन ०.४०, लघुवित्त ०.०७, सामूहिक लगानी कोष ०.१९ र अन्य ०.०८ प्रतिशतले बढे ।

कारोबार रकमका आधारमा बुधवार युनियन हाइड्रोपावर सबैभन्दा अघि छ । सो दिन यो कम्पनीको २२ करोड ७८ लाख रुपैया बराबरको सेयर कारोबार भएको छ ।

धनगढीमाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनगढी, सिरहा
(मधेश प्रदेश, नेपाल)

कर्मचारी सेवा करारमा लिने सम्बन्धी सूचना ।

(दोस्रो पटक प्रकाशित मितिः २०८२।०९।०३ गते)

यस नगरपालिका द्वारा सञ्चालित धनगढी प्राकृतिक स्वास्थ्य अस्पतालको लागि सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएको हुंदा देहाय बमोजिम पदको लागि योग्यता पुगेका नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन मिति २०८२।०९।०९ गते बुधवार बेलुकी ४ बजेभित्र माग बमोजिमको विवरण सहित यस कार्यालयमा आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपशिल :

क्र.सं.	विज्ञापन नं.	पद	तह	सेवा/समूह	आवश्यक संख्या	न्यूनतम शैक्षिक योग्यता
१.	२०८२।०८।३।०१	प्राकृतिक चिकित्सक	आठौं	स्वास्थ्य/प्राकृतिक चिकित्सक	१ (एक)	मान्यता प्राप्त शिक्षण संस्थाबाट प्राकृतिक चिकित्सक (B.N.Y.S) उपाधि प्राप्त गरेको ।

योग्यता :

१. नेपाली नागरिक हुनुपर्नेछ ।
२. उमेरको हद: आवेदन दिने अन्तिम मितिसम्म २१ बर्ष पूरा भई ४५ ननाघेको हुनु पर्नेछ ।
३. समकक्षता: अन्तरराष्ट्रिय शैक्षिक संस्थामा अध्ययन गरी योग्यता हासिल गरेको उम्मेदवारले समकक्षताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।
४.आवेदन दिने विधि: योग्यता पुगेका इच्छुक उम्मेदवाहरुले आवेदन फारम साथ पेश गर्नुपर्ने कागजात सहितको निवेदन यस कार्यालयको प्रशासन शाखामा पेश गर्नु पर्नेछ । आवेदन फारम निःशुल्क रुपमा यस कार्यालयको प्रशासन शाखाबाट उपलब्ध हुनेछ ।
५. आवेदन फारम साथ पेश गर्नुपर्ने कागजातहरु: आवेदन फारम भरी तोकिएको स्यानबाट पासपोर्ट साईजको फोटो टाँसी शैक्षिक योग्यताका प्रमाणपत्र (S.L.C देखि न्यूनतम माग गरेको शैक्षिक योग्यता सम्मका) सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाणपत्र (नवीकरण सहित) समकक्षताको प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्र अनिवार्य रुपमा तथा माथिल्लो शैक्षिक योग्यता एवं अनुभवको प्रमाणपत्र समेत उपलब्ध भएसम्म स्वं. प्रमाणित आवेदन फारम साथ पेश गर्नु पर्नेछ ।
६. आवेदन दस्तुर रु. १,०००/- (एक हजार मात्र) ।
७. परीक्षाको किसिम: अर्न्तवार्ता हुनेछ ।
८. सेवा सुविधा : नियमानुसार हुनेछ ।
९. आवेदन बुझाउने स्थानः धनगढीमाई नगर कार्यपालिकाको कार्यालय, प्रशासन शाखा, धनगढी, सिरहा ।

प्रमुख प्रशासकीय अधिकृत

अर्थ संक्षेप

इस्लिङ्टनका दुई विद्यार्थीलाई डेढ करोडभन्दा बढीको अन्तर्राष्ट्रिय छात्रवृत्ति

काठमाडौं (कास)- इस्लिङ्टन कलेजका दुई विद्यार्थीलाई डेढ करोडभन्दा बढीको अन्तर्राष्ट्रिय छात्रवृत्ति मिलेको छ । डिसेम्बर १५ र १६ मा आयोजित समारोहमा दुई विद्यार्थीले १ करोड ५० लाख रुपैयांभन्दा बढी बराबरको अन्तर्राष्ट्रिय छात्रवृत्ति प्राप्त गरेका छन् । यस वर्ष इन्टरनेसनल स्टुडेन्ट हाउस तथा लन्डन मेट्रोपोलिटियन विश्वविद्यालयको प्रतिष्ठित छात्रवृत्ति अनुप नेपाल र अंगना भट्टराईलाई प्रदान गरिएको कलेजले जनाएको छ । करिब १.५ करोड रुपैयांभन्दा बढी बराबरको उक्त छात्रवृत्तिमा ट्युसन शुल्क, आवास खर्च र दुइतर्फी हवाई टिकटसमेत समावेश छन् । कलेजले स्नातक तथा स्नातकोत्तर तहका विद्यार्थीका लागि गरेको दीक्षान्त समारोहमा उक्त छात्रवृत्तिको घोषणा गरिएको हो । उक्त अवसरमा स्नातक तहअन्तर्गत बीएससी (अनर्स) कम्प्युटिङ, कम्प्युटर नेटवर्किङ तथा आईटी सेक्युरिटी, मल्टिमिडिया टेक्नोलोजी, बीए (अनर्स) बिजनेस एडमिनिस्ट्रेसन, इन्टरनेसनल बिजनेस म्यानेजमेन्ट, डिजिटल बिजनेस म्यानेजमेन्ट, एडभरटाइजिङ तथा मार्केटिङ र इभेन्ट्स एन्ड टुरिजम म्यानेजमेन्ट कार्यक्रमका विद्यार्थी दीक्षित भए । इनोभेट नेपाल ग्रुप पोस्टग्राजुएट छात्रवृत्ति अम्स घिमिरे र आयेशा नकर्मीलाई प्रदान गरिएको छ । उनीहरूले इनोभेट नेपाल ग्रुपअन्तर्गतका कलेजमा स्नातकोत्तर अध्ययन निरन्तरता दिने तथा समूहअन्तर्गतकै संस्थामा कार्य गर्ने अवसरसमेत पाउने जनाइएको छ ।

सोल्टी होटलको कार्यकारी अध्यक्षमा विष्ट

काठमाडौं (कास)- सोल्टी होटल लिमिटेडको ५१ औं वार्षिक साधारणसभाले नया सञ्चालक समिति गठनसँगै दिनेशबहादुर बिष्टलाई कार्यकारी अध्यक्षमा नियुक्त गरेको छ । ६ दशकदेखि सञ्चालनमा रहेको पांचतारे डिलक्स होटल सोल्टीको सभाले आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन र एकीकृत वित्तीय विवरण सर्वसम्मत रूपमा पारित गरेको छ । २०८१/८२ को मुनाफाबाट सेयरधनीलाई चुक्ता पुंजीको १६.५७ प्रतिशत नगद लाभांश र १५ प्रतिशत वोनस सेयर वितरण गर्ने प्रस्ताव पनि स्वीकृत गरिएको छ । सभाले २०८२/८३ का लागि जेभी राजभण्डारी एन्ड डिभिस्, चार्टर्ड एकाउन्टेन्ट्स, काठमाडौंलाई वैधानिक लेखापरीक्षक नियुक्त गर्ने र पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव पारित गरेको छ । साधारणसभाबाट ९ सदस्यीय सञ्चालक समिति गठन भएको छ । समितिमा संस्थागत सेयरधनीतर्फ ५ जना, सर्वसाधारण सेयरधनीतर्फ ३ जना र १ जना स्वतन्त्र सञ्चालक छन् । संस्थागत सेयरधनी सोल्टी इन्टरप्राइजेज प्रालिका तर्फबाट दिनेशबहादुर बिष्ट, रविभक्त श्रेष्ठ, राजेशकाजी श्रेष्ठ र जया राज्यलक्ष्मी शाह सञ्चालक नियुक्त भएका छन् । नेपाल वायुसेवा निगमको प्रतिनिधित्व गर्दै अमृतमान श्रेष्ठ सञ्चालक बनेका छन् ।

पहाडी फुड्सको उत्पादन अब अमेरिकामा पनि

काठमाडौं (कास)- पहाडी फुड्सका उत्पादन अब अमेरिकामा समेत पाइने भएको छ । अमेरिकामा औपचारिक उपस्थितिसँगै नेपाली उत्पादनको अन्तर्राष्ट्रिय यात्रालाई थप नयाँ उचाइमा पुऱ्याएको कम्पनीको दावी छ । करिब ८० हजार अमेरिकी डलर बराबरका उत्पादन निर्यात भएसँगै पहाडी फुड्सका चामल, दाल, गेडागुडी, अचार, महसगायतका विभिन्न उत्पादन अमेरिकाभर उपलब्ध हुने भएको कम्पनीले जनाएको छ । अमेरिकामा पहाडी फुड्सको आधिकारिक वितरकका रूपमा मोक्ष ल्योवल एलएलसी नियुक्त गरिएको छ । उक्त कम्पनीमार्फत अमेरिकास्थित होलसेलर, रिटेलर तथा व्यावसायिक ग्राहकहरूले पहाडी फुड्सका उत्पादन सजिलै प्राप्त गर्न सक्नेछन् ।

गोरखा ब्रुअरी–खालीसीसी सहकार्यमा 'नेभर लिभ ए बोटल बिहाइन्ड' अभियान

काठमाडौं (कास)- गोरखा बुअरी र काल्सेवर्ग समूहले देशभरका व्यावसायिक स्थानलाई जोड्दै बोतलको पुनःप्रयोग प्रक्रियालाई सहज बनाउने उद्देश्यसहित नया अभियान अघि सारेका छन् । 'नेभर लिभ ए बोटल बिहाइन्ड' मूल नारासहित सुरु गरिएको अभियानले कम्पनीलाई जिम्मेवार 'रिसोर्स म्यानेजमेन्ट'तर्फ उन्मुख गराउने बताइएको छ । अभियानअन्तर्गत खालीसीसीले बार र रेस्टुरेन्टहरूसंग समन्वय गर्दै प्रयोग भइसकेका सिसाका बोतललाई व्यवस्थित रूपमा संकलन, छुट्याउने र पुनःप्रयोगको प्रक्रियामा पठाउनेछ । यो मोडेलमार्फत व्यावसायिक क्षेत्रको जिम्मेवारी बढ्ने, बोतल व्यवस्थापन सुलभ हुने र पुनःप्रयोग गर्न सकिने गिलास ल्याङ्फिलसम्म नपुग्ने गरी उल्लेखनीय कमी आउने कम्पनीले जनाएको छ । खालीसीसीसंगको सहकार्यले कुनै पनि बोतल बेवारस्ता नहुने आफूहरूको प्रतिबद्धतालाई व्यवहारमै उतारेको गोरखा बुअरीको दावी छ ।

बीवाईडी डुल्फिनको विश्वव्यापी बिक्री १० लाख नाघ्यो

काठमाडौं (कास)- ईभी निर्माता चिनियाँ कम्पनी बीवाईडीले उत्पादन गरेको विद्युतीय सवारी 'डुल्फिन' को विश्वव्यापी बिक्री १० लाख पुगेको दावी गरिएको छ । यससँगै बीवाईडी डुल्फिन चिनियां अटो वजारमा सबैभन्दा छिटो १० लाख यूनिट बिक्रीको उपलब्धि हासिल गर्ने हयाचव्याक ईभी वन्न सफल भएको कम्पनीले बताएको छ । नेपालका लागि बीवाईडीको आधिकारिक बिक्रेता साइमेक्स द्वारा प्रालिले यो उपलब्धिलाई गर्वको क्षण भएको बताएको छ । 'बीवाईडी डुल्फिनले हयाचव्याक सेग्मेन्टमा नयां परिभाषा स्थापित गरेको छ, सुरक्षित, स्मार्ट र वातावरणमैत्री सवारी खोज्ने नेपाली परिवारको पहिलो रोजाइमा डुल्फिन वनेकामा हामीलाई निकै खुसी लागेको छ, हामी ईभी इकोसिस्टम विस्तार, उत्कृष्ट बिक्रीपछिको सेवा र नेपाललाई स्वच्छ गतिशीलतामा रूपान्तरण गर्ने यात्रामा निरन्तर साथ दिन प्रतिबद्ध छौं,' कम्पनीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

कम्पनीका अनुसार बीवाईडीले २०२६ का लागि नयां संस्करणको डुल्फिन परीक्षण सुरु गरिसकेको छ । जुन हाल चीनमा विकास परीक्षणको चरणमा छ । विश्वव्यापी रूपमा मात्रै बीवाईडी डुल्फिनको बिक्री नेपालमा पनि उल्लेख्य मात्रामा भइरहेको कम्पनीको भनाइ छ । साइमेक्स इंक प्रालिले नेपालमा सन् २०२३ सेप्टेम्बरमा डुल्फिन सार्वजनिक गरेको थियो ।

२०० मेगापिक्सेलको जाइस क्यामेरासहित भिभो एक्स३०० प्रो

काठमाडौं (कास)- भिभोले फ्ल्यागसिप स्मार्टफोन भिभो एक्स२०० प्रो नेपाली बजारमा सार्वजनिक गरेको छ । व्यावसायिक मोवाइल फोटोग्राफीलाई नयां स्तरमा पुऱ्याउने उद्देश्यसहित तयार गरिएको एक्स३०० प्रोले अत्याधुनिक जाइस क्यामेरा प्रविधि, उच्चस्तरीय कार्यसम्पादन र उन्नत सफ्टवेयर अनुभवलाई एउटै डिभाइसमा समेटेको कम्पनीले जनाएको छ । यससे यसलाई भिभोको अहिलेसम्मकै सबैभन्दा परिस्कृत स्मार्टफोन बनाएको कम्पनीको दावी छ । भिभो एक्स३०० प्रो प्रिमियम रड विकल्पहरू फ्याटम्म ब्ल्याक (काली) र ड्युन ब्राउन (खैरो) मा उपलब्ध छ । यसको मूल्य १ लाख ७९ हजार ९ सय ९९ तोकिएको छ । यो स्मार्टफोन दराज तथा देशभरका आधिकारिक बिक्री केन्द्रमा उपलब्ध रहेको कम्पनीले बताएको छ । एक्स३०० प्रोको केन्द्रमा रहेको यसको व्यावसायिक इमेजिङ सिस्टम जाइससंगको सहकार्यमा विकास गरिएको हो । यस स्मार्टफोनमा २०० मेगापिक्सेल जाइस एपीओ टेलिफोटो क्यामेरा समावेश गरिएको छ, जसले अल्ट्रा-सेन्सिङ एफपीवी सेन्सर र सिपा ५.५-रेटेड स्टेवलाइजेसनमार्फत टाढाका दृश्यहरूलाई पनि अत्यन्त स्पष्ट र स्थिर रूपमा कैद गर्न सक्षम बनाउने कम्पनीको दावी छ ।

नेपालगन्जमा सार्वजनिक भए डिपल एसओफाइभ र नामी भिगो

काठमाडौं (कास)- नेपालमा डिपल र नामी विद्युतीय गाडीहरूको आधिकारिक वितरक एमएडब्लू वृद्धिले नेपालगन्जमा डिपल एसओफाइभ र नामी भिगो औपचारिक रूपमा सार्वजनिक गरेको छ । नेपालगन्ज क्षेत्रका लागि आधिकारिक डिलर तथा व्यावसायिक साझेदार पानस अटोमोटिभसंगको सहकार्यमा कार्यक्रम गरिएको कम्पनीले जनाएको छ । आराम, प्रविधि र प्रदर्शनका लागि परिचित एयर्यूभीमा सीएटीएलको गोल्डेन सिल्ड ब्याट्री सिस्टम २.० प्रयोग गरिएको छ, जसले लामो ब्याट्री आयु र उच्च टिकाउपन प्रदान गर्ने कम्पनीको दावी छ । सहर तथा राजमार्ग दुवैका लागि उपयुक्त यस गाडीमा मेट्रिसेटेड र हिटेड फ्रन्ट सिट, जिरो-ग्राभिटी मोडसहितको क्विन को-पाइलट सिट, रिमोट इन-एन्ड-आउट पार्किङ, लाइभ नेभिगेसनसहितको एआर-एचयूडी तथा पूर्ण इन्टरनेट कनेक्टिभिटी भएको १४.४-इन्च टचस्क्रिनजस्ता अत्याधुनिक सुविधा उपलब्ध छन्, जसले प्रिमियम र फ्युचर-रेडी ड्राइभिङ अनुभव प्रदान गर्ने कम्पनीले जनाएको छ । डिपल एसओफाइभको मूल्य ब्ल्याक इन्टेरियरका लागि ५६ लाख ९९ हजार र ओरेन्ज इन्टेरियरका लागि ५७ लाख ९९ हजार तोकिएको छ । नेपालगन्जका लागि विशेष लन्च अफरअन्तर्गत ब्ल्याक इन्टेरियर ५५ लाख ९९ हजार र ओरेन्ज इन्टेरियर ५६ लाख ९९ हजारमा उपलब्ध हुने बताइएको छ । नामी भिगो ईट्को मूल्य ३८ लाख ९९ हजार र ईट् प्लस भेरिएन्ट ४५ लाख ९९ हजार निर्धारण गरिएको कम्पनीको भनाइ छ । लन्च अफरअन्तर्गत नेपालगन्जमा भिगो ईट् ३७ लाख ९९ हजार र ईट् प्लस ४० लाख ९९ हजारमा उपलब्ध हुने कम्पनीले बताएको छ ।

गोल्यान ग्रुपको अध्यक्षमा ३७ वर्षीय अक्षय

काठमाडौं (कास)- व्यावसायिक घराना गोल्यान ग्रुपको अध्यक्षमा ३७ वर्षीय अक्षय गोल्यान चयन भएका छन् । ९ वर्षदेखि ग्रुपको प्रवन्ध निर्देशक रहेका उनले अब ६ दशक लामो विरासत बोकेको ग्रुपलाई नेतृत्व गर्नेछन् । पारिवारिक एकता र रणनीतिक निरन्तरताको सन्देश दिंदै ग्रुपका उपाध्यक्ष वासुदेव गोल्यानले अक्षयलाई सञ्चालक समितिको अध्यक्ष पदमा चयन गरिएको औपचारिक घोषणा गरेका छन् । 'अक्षय गोल्यान अब ग्रुपको अध्यक्ष र प्रवन्ध निर्देशकको भूमिकामा रहन् हुनेछ, कार्यकारी अधिकारसहित वोर्डको नेतृत्व एकै ठाउंमा केन्द्रित हुनुले गोल्यान ग्रुपको विकास, विस्तार र विश्वव्यापी उपस्थिति थप प्रभावशाली हुने विश्वास गरिएको छ,' ग्रुपका कपोरेट अफेयर्स, कम्युनिकेसन्स एन्ड पब्लिक रिलेसन्स प्रमुख ज्योति गैरेद्वारा जारी विज्ञप्तिमा भनिएको छ । अक्षयले स्पेनको ईएसएडीई युनिभर्सिटीबाट विजनेस स्टडिजमा स्नातकोत्तर गरेका छन् । अध्ययनपछि ९ वर्षदेखि ग्रुपको प्रवन्ध निर्देशक रहेका उनले ग्रुपअन्तर्गतका अन्य कम्पनीहरूलाई समेत प्रत्यक्ष नेतृत्व प्रदान गरिरहेको विज्ञप्तिमा उल्लेख छ ।

घर निर्माण फेस्टको 'प्लाटिनम स्पोन्सर' शिवम्

काठमाडौं (कास)- नेसनल घर निर्माण फेस्ट-२०८२ को आयोजना तथा प्रवर्द्धनका लागि स्किल सेवा प्रालि र शिवम् सिमेन्टबीच सम्झौता भएको छ । सम्झौताअनुसार स्किल सेवा प्रालिद्वारा आयोजना हुने फेस्टमा शिवम् सिमेन्ट 'प्लाटिनम स्पोन्सर'का रूपमा आवद्ध हुनेछ । घर निर्माण, परामर्श र प्रविधिमुखी राष्ट्रिय स्तरको यो प्रदर्शनी १२ देखि १५ पुसमस्म काठमाडौंको भुकुटीमण्डपमा आयोजना हुनेछ । घरधनी, निर्माण व्यवसायी, इन्जिनियर, आर्किटेक्ट, आपूर्तिकर्ता, विद्यार्थी तथा आम नागरि कलाई लक्ष्य गर्दै आयोजना हुने फेस्टमा आधुनिक घर निर्माणसम्बन्धी नीप, परामर्श र सामग्री एकै ठ्लोमा प्रस्तुत गरिनेछ । फेस्टको विशेष आकर्षणका रूपमा गिनिज वर्ल्ड रेकर्ड कायम गर्ने लक्ष्यसहित संसारकै सबैभन्दा ठूलो इट्टा प्रदर्शनीमा राखिने जनाइएको छ ।